नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः २०८२।०८३

चलानी नं. ३६१

मितिः २०८३।०१।२

ने.सं. ११४६

विषयः आवश्यक सहजीकरण गर्ने सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै) ।

गृह मन्त्रालयको प.सं. २०८२।०८३, च. नं. ५.१/१८७, मिति २०८२।१२।२७ को आवश्यक सहजीकरण गरिदिने सम्बन्धी पत्र जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

१।२

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री गृह मन्त्रालय, सिंहदरबार ।

श्री सूचना प्रविधि शाखाः सबै गाउँपालिका तथा नगरपालिकामा ईमेलमार्फत पत्र प्रेषित गरी वेबसाइटमा समेत अपलोड गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००५११/०१-४२००३०४

E-mail: cmmofald@gmail.com/local.level.coordination@mofaga.gov.np Website: www.mofaga.gov.np

नेपाल सरकार
# गृह मन्त्रालय
(विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा)

फोन :९७७-०१-४२११२१९
९७७-०१-४२११२००
९७७-०१-४२११२८२
इमेल:bipad@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०८२/८३
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ५.१/ ९८७

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३४००
दर्ता मितिः- १२/२८

मितिः २०८२/१२/२७
ने.स. ११४६

विषयः आवश्यक सहजीकरण सम्वन्धमा।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं।

नेपालका ग्रामीण तथा पहाडी जिल्लाहरुमा बाँदरका कारण कृषकले लगाएको वाली क्षति गरी कृषकलाई ठूलो हानी नोक्सान भएको हुँदा बाँदर नियन्त्रण गरी पाउँ भनी माननीय गृहमन्त्रीज्यूलाई सम्वोधन गरी दिएको निवेदन सम्वन्धमा वाँदर नियन्त्रण तथा सो सम्वन्धी जनचेतामूलक कार्यक्रम संचालन गर्ने विषयमा स्थानीय तहलाई समन्वय र सहजीकरण गरी दिने व्यवस्था मिलाईदिन सक्कलै निवेदन यसै साथ राखि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

विश्व राज न्यौपाने
उपसचिव

श्री स्था. तह स. शाखा
१२/३०

श्रीमान प्रमिवक्यू स्मात्र पेश। सौनाल

मिति:२०८२।१२।१८

गृह मन्त्रालय
शाखा
द.नं.: ६३८६
मितिः २०८२-१२-१८.

नेपाल सरकार
गृह मन्त्रालय
दर्ता नं.: २४१
महाशाखाः
☐ प्रशासन
☐ सुरक्षा तथा समन्वय
☑ विपद् तथा द्वन्द्व व्यवस्थापन
☐ नीति यो.अ.
☐ आन्तरिक व्य
☐ कानून
☐ अन्य
सहि: २०८२/१२

श्रीमान् गृहमन्त्रीज्यू,
गृह मन्त्रालय, नेपाल सरकार
काठमाडौं, नेपाल

**विषयः बाँदर नियन्त्रण तथा किसान संरक्षण सम्बन्धी निवेदन।**

महोदय,

विनम्र निवेदन यसप्रकार छ कि, हाल विश्वव्यापी रूपमा तथा विशेष गरी नेपालका विभिन्न ग्रामीण तथा पहाडी क्षेत्रहरूमा बाँदरहरूको अत्यधिक वृद्धि भई कृषकहरूले लगाएको बालीमा ठूलो क्षति पुऱ्याइरहेको छ। यसका कारण कृषकहरूको दैनिक जीवनयापनमा गम्भीर असर परेको छ र खाद्य सुरक्षामा समेत चुनौती उत्पन्न भएको छ।

नेपालमा बाँदर लगायतका जनावरहरू वन्यजन्तु संरक्षण अन्तर्गत पर्ने भएकाले तिनको नियन्त्रण गर्न कानुनी जटिलता रहेको छ। परिणामस्वरूप, स्थानीय तह तथा कृषकहरू बाँदर नियन्त्रणका प्रभावकारी उपाय अपनाउन असमर्थ भएका छन्। यसले गर्दा कृषकहरू आर्थिक रूपमा कमजोर बन्दै गएका छन् र कृषि पेशाबाट विमुख हुने अवस्था सिर्जना हुँदै गएको छ।

तसर्थ, यहाँबाट निम्न बुँदाहरूमा आवश्यक पहल गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु:

**१. बाँदर नियन्त्रणका लागि विशेष नीति तथा कार्यक्रम ल्याइयोस्।**
**२. वन्यजन्तु संरक्षण ऐनमा आवश्यक संशोधन गरी कृषक हितलाई ध्यानमा राख्दै व्यावहारिक समाधान खोजियोस्।**
**३. प्रभावित क्षेत्रहरूमा तत्काल राहत तथा क्षतिपूर्ति व्यवस्था गरियोस्।**
**४. बाँदर व्यवस्थापन (जस्तैः स्थानान्तरण, जनसंख्या नियन्त्रण) का वैज्ञानिक तथा दीर्घकालीन उपायहरू लागू गरियोस्।**
**५. स्थानीय तहसँग समन्वय गरी जनचेतनामूलक तथा नियन्त्रणसम्बन्धी कार्यक्रम सञ्चालन गरियोस्।**

अतः कृषकहरूको हित संरक्षण गर्दै कृषि उत्पादनलाई सुरक्षित राख्न यस विषयमा गम्भीर ध्यान दिई आवश्यक निर्णय तथा कार्यान्वयन गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।

**बोधार्थः कानुन मन्त्रालय**

धन्यवाद।
भवदीय,

मनमोहन श्रेष्ठ
९८६३८५४०१८
निकेश खड्का
९८४०२५९२८४

विपद् शाखामा
१२/१८

प्रा. अधि. पेश
१२/१८